# आर. एस. टि. सि. ए. इन्भेष्मेन्ट फन्ड लिमिटेडको अत्यन्त जरुरी सूचना

यस आर. एस. टि. सि. ए. इन्भेष्मेन्ट फन्ड लिमिटेडको सार्वजनिक निष्काशन नभएको अवस्थामा धितोपत्र व्यवसायी र धितोपत्र दलाल भनेर चिनाउने विभिन्न स्वार्थ समूहले लगानीकर्ता व्यक्ती र संस्थाहरुलाई यस संस्थाको शेयर Pre-IPO को नाममा सामाजिक संजाल (Whatsapp, Viber, Facebook Group), Email तथा SMS मार्फत् यस कम्पनीको निकट भविष्यमा नै सार्वजनिक नष्किाशन गरिने भन्दै सर्वसाधारणलाई शेयर खरिद गर्न प्रस्ताव गरी अनाधिकृत रुपमा पैसा उठाइरहेको जानकारी प्राप्त भएको हुँदा यस्ता कानून विपरित कार्य रोक्न र सर्वसाधारणलाई सचेत रहन यो सूचना जारी गरिएको छ ।

प्रचलित कानूनमा Pre–IPO सम्बन्धी कुनै व्यवस्था नरहेको र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २९ को उपदफा (१) मा संगठित संस्थाले एक पटकमा पचास जना भन्दा बढी व्यक्तिहरुलाई धितोपत्र विक्री वितरण गर्ने भएमा त्यस्तो धितोपत्र विक्री वितरणको निमित्त सार्वजनिक निष्काशन गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको व्यहोरा सबैमा जानकारी गराउँदै बोर्डबाट अनुमति प्राप्त नगरी सार्वजनिक रुपमा संगठित संस्थाको शेयर खरिद/विक्री सम्बन्धी कार्य नगर्न/नगराउन नेपाल धितोपत्र बोर्डबाट मिति २०८२/०५/०९ गते सूचना सम्प्रेषण गरी सर्वसाधारणलाई सूचित गरिएको थियो । यसरी धितोपत्र सम्बन्धी ऐन, २०६३ ले गरेको व्यवस्था विपरितका यस्ता कार्यहरु दण्डनीय भएकोले यस्ता क्रियाकलापमा संलग्न नहुन सबैलाई सजग गराउँदै सम्पूर्ण लगानीकर्तालाई यस्ता कार्यमा सहभागी नहुन कम्पनी अनुरोध गर्दछ ।